# कञ्चन गाउँपालिका स्तरीय
## अभ्यास परीक्षा २०८१
## विषय: नेपाली

कक्षा ८ पूर्णाङ्क: ५०

समय: २ घण्टा

---

**शुद्ध, सफा र मौलिक उत्तरलाई प्राथमिकता दिइने छ।**

**सबै प्रश्नहरू अनिवार्य छन् :**

**१. दिइएको शब्द अर्थबिच जोडा मिलाएर खाली ठाउँ भर्नुहोस् : (२)**

(पथप्रदर्शक, अगणित, राहदानी, भिसा, तिर्खा, तिखो)

(क) तीक्ष्ण …………

(ख) बाटो देखाउने व्यक्ति …………..

(ग) गन्न नसकिने ………….

(घ) पासपोर्ट …………………

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस्: (२)**

(क) 'समुद्र' को पर्यायवाची शब्द ……. हो। (सागर, नदी, ताल)

(ख) 'सपुत र कपुत' ……. शब्द हुन्। (पर्यायवाची, विपरीतार्थी, लघुतावाची)

(ग) ………. अनेकार्थी शब्द होइन। (ताल, पोखरी, पुतली)

(घ) 'खुकुरी' को लघुतावाची शब्द …….. हो। (चक्कु, छुरी, कर्द)

**३. खर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : (२)**

छमछम, बाँदरको हातमा नारिवल

**४. दिइएको शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् : (१)**

(अ) जिविका जिवीका जीविका

आ) बिबिध विविध बिविध

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : (२)**

गुरूले भन्नु भयो "पानी जीवनदायीनी स्रोत भएकाले यसलाई प्रदूसण हुनबाट रोक्नुपर्छ "

**६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् : (२)**

म यो कुरा मेरा सन्तानलाई पनि सिकाउँछु नि।

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् : (२)**

(क) रोहन र रमिला ठूला …………. । (हुः अज्ञातभूत)

(ख) रामलखन खुरूखुरू ……….. । (हिँड : अपूर्ण भूत)

(ग) तैले काम ………… । (गरः पूर्ण भविष्यत)

(घ) तिमीहरू असल र इमानदार ……… (वन् : आज्ञार्थ)

**८. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् : (३)**

(क) तिमी घर जान्छौ। (उच्च आदर)

(ख) पढ्ने विद्यार्थी सफल हुन्छ। (अकरण)

(ग) उनीहरू भकुन्डो खेल्लान्। (कर्म वाचन)

**९. दिएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

भाजुलालाको ज्यावल त्यही श्रीकृष्णको मूर्तिमा चलिरहेको छ - टुकटुक टुकटुक। उनी मूर्तिलाई टुलटुलु हेरिरहेका थिए। उनले आफ्नो मूर्तिमाथि मायालु र दयालु नजर राखे। भाजुलाल खर्चालु स्वभावका छैनन्। उनी आफ्नो कलाकारितामा अभिमान गर्दैनन्। कसैले अभिवादन गरिदेओस् भन्ने पनि उनी सोच्दैनन्। राज्य पक्षले यस्ता व्यक्तिलाई सम्मान गर्न नसक्नु चाहिँ अभिशापको विषय हो। लोकप्रिय कलाकार भाजुलालमा कार्यकुशलताको कमी छैन। उनी आफ्नो स्वर्गवास भइसकेको छोराको सम्झनामा प्रेममग्न बनेको हुन्छन्।

**प्रश्नहरू :**

(क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एकओटा शब्द पहिचान गरी लेख्नुहोस्।

(ख) अनुच्छेदबाट एउटा द्विख भएर बनेको र एउटा समस्त शब्द पहिचान गरी लेख्नुहोस्।

(ग) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस्।

**१०. दिइएको गद्यांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् : (४)**

साइबर अपराधको सिकारबाट जोगिन आफ्नो कम्प्युटर, ल्यापटप, र मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायतका पासवर्ड कसैलाई दिनुहुँदैन। समय समयमा पासवर्ड परिवर्तन गरिरहनुपर्छ। अपरिचित व्यक्ति वा संस्थाबाट आएका इमेल खोल्नुहुँदैन। इमेलमा काम गरिसकेपछि साइन आउट वा लग आउट गर्नुपर्छ। इमेल तथा सामाजिक सञ्जालमा आउन सक्ने आकर्षक उपहार वा चिट्ठाको भ्रममा पर्नुहुँदैन। यस्ता इमेल तथा म्यासेजमाथि शङ्का लागेमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ। कुनै पनि मेल वा म्यासेन्जरमा लिङ्क आएमा पहिला लिङ्क सही हो वा होइन पत्ता लगाएर मात्र लिङ्कमा क्लिक गर्ने गर्नुपर्छ। त्यसैगरी गैरकानूनी

रुपमा अरूको वाइफाइ प्रयोग नगर्ने, मोबाइल हराएमा नजिकको दूरसञ्चार सेवा प्रदायकलाई जानकारी गराई आफ्नो सिम ब्लक गराउन लगाउनुपर्छ ।

**प्रश्नहरू :**

(क) 'साइबर अपराध' भनेको के हो ?

(ख) साइबर अपराधबाट बचन तपाई के गर्नुहुन्छ ? बिचार व्यक्त गर्नुहोस् ।

(ग) इमेलमा काम गरिसकेपछि किन साइन आउट वा लग आउट गर्नुपर्छ ?

(घ) सामाजिक सञ्जालमार्फत तपाईंलाई सकैले दुःख दिने काम गरेमा के गर्नुहुन्छ ? कानुनी उपाय उल्लेख गर्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सरांश लेख्नुहोस् । (४)**

असल आचरण र त्यसको पालना नै अनुशासन हो । अनुशासनमा असल बानी ब्यवहार घर, परिवार र समाजका नियम आदिको पालना पर्छन । अनुशासनमा अलिखित र लिखित दुवै प्रकारका नियमको पालना गर्छन । अलिखित नियम भन्नाले नलेखिएका नियम भन्ने बुझिन्छ । एँचोपैंचो आरोपर्म आदर सम्मान आदि अलिखित नियमका उदाहरण हुन् । लिखित नियम भन्नाले लेखिएका नियम भन्ने बुझिन्छ । लिखित नियम अन्तर्गत विद्यालय गाउँपालिका नगरपालिका आदिका नियम पर्छन । संविधान ऐन, नियमावली आदि लिखित नियमका उदाहरण हुन् । प्रत्येक व्यक्ति अनुशासनमा बस्दा सामाजिक सद्भाव कायम हुन्छ । राष्ट्रिय एकताका लागि पनि हरेक नागरिकको अनुशासन महत्ववूर्ण हुन्छ । त्यसैले अनुशासनलाई परिवार समाज र राष्ट्र समृद्धिको आधार मानिन्छन् ।

**१२. तलका मध्ये कुनै 'एक' प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षक समेत दिनुहोस् :**

नाम : सन्दुक रुइत

जन्म : वि.सं. २०११ भदौ १९ गते

जन्मस्थान : ताप्लेजुङ जिल्लाको ओलाङचुङगोल

मातापिता : केसाङ रुइत र सोनम रुइत

**शिक्षा :**

- ❖ गाउँमा विद्यालय नभएकोले सात वर्षको उमेरमा अध्ययनका लागि भारतको दार्जलिङ लगिएका
- ❖ वि.सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण र त्रिचन्द्र कलेजमा आइएससीमा भर्ना
- ❖ वि.सं. २०२९ मा भारतमा एम.बि.बि.एस. अध्ययनका लागि छत्रवृत्ति प्राप्त गरेका
- ❖ वि.सं. २०४३ मा डा. फ्रेड हलोजको आमन्त्रणमा अस्ट्रेलिया गई आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल

**योगदानः**

- ❖ मोतिबिन्दुको सरल र कम खर्च लाग्ने चिकित्सा पद्धति रुइतेक्टोमिका अविष्कारक
- ❖ वि.सं. २०५१ मा काठमाण्डौ को तिलगङ्गामा आँखा अस्पतालको स्थापनामा योगदान
- ❖ लामो समयको खोज र अनुसन्धानबाट इन्ट्राओकुर लेन्स बनाएका
- ❖ इन्ट्राओकुर लेन्स लगाएर आँखाका बिरामीले संसार देख्न पाएका
- ❖ अहिले विश्वका अधिकांश मुलुकमा इन्ट्राओकुर लेन्स प्रयोग हुने गरेको

**सम्मान :**

- ❖ उनको नामबाट अन्तरिक्षमा पत्ता लागेको उल्काको नाम राखिएको
- ❖ उनको जीवनीमा आधारित 'आउट अफ डार्कनेस' नामको वृत्तचित्र बनेको
- ❖ वि.सं. २०६३ मा विश्व प्रसिद्ध 'म्यागासेस' पुरस्कार पाएका
- ❖ अस्ट्रेलियन सरकारद्वारा अर्डर अफ द अस्ट्रेलिया प्रदान
- ❖ वि.सं. २०६९ नेपाल सरकारद्वारा 'राष्ट्रद्वीप' पदकबाट विभूषित
- ❖ वि.सं. २०७९ मा 'इसा अवार्ड' बाट सम्मानित

**(ख) 'वातावरण प्रदूषण' शीर्षकमा दुई जना साथीबिच हुने संवादको नमूना तयार पार्नुहोस् ।**

**१३. कुनै 'एक' प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

(क) तपाईको विद्यालयमा मनाउन लागिएको विद्यालयको वार्षिकोत्सवका अवसरमा अभिभावकलाई लेखिने निमन्त्रणा पत्र तयार पार्नुहोस् ।

(ख) बालबालिकालाई बजारिया तयारी खाना, खाजाका रुपमा नदिई घरेलु खानेकुरामा नै जोड दिन आग्रह गर्दै गाउँमा खेती गरी बस्नु भएका मामालाई चिठी लेख्नुहोस् ।

**१४. तलका मध्ये कुनै 'एक' को भावविस्तार गर्नुहोस् : (३)**

(क) मानिसका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् ।

(ख) जे जस्तो छ केला खुला प्रकृतिको आधार हो सृष्टिको

खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको

**१५. दिइएको कथांश पढी सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् : (४)**

एक दिन बिहान चिया खाएर पृथ्वीनारायण कीर्तिपुरमा आफ्ना विश्वासपात्रसँग आफूले राम्रो सपना देखेको र आफ्नो सपना पुग्नेबारे गफ गर्दै थिए । त्यही बेलामा द्वारे आयो र भन्यो - "महाराज ! गौराङ्गको पत्र आएको छ ।" उसले राजालाई पत्र दियो र फर्कियो । पृथ्वीनारायणले पत्र खोले र हेरे । त्यसमा लेखिएको थियो- "हम्रा मित्र मल्ल राजालाई तिमीले आएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।"

**प्रश्नहरू :**

(अ) पृथ्वीनारायण कुन विषयमा कुराकानी गर्दै थिए ?

(आ) माथिको कथांशले नेपालको इतिहासको कुन घटनालाई सङ्केत गरेको छ ?

(इ) पृथ्वीनारायणलाई गौराङ्गले किन शत्रु घोषणा गर्न लागेका हुन् ?

(ई) यस कथांशको मुख्य भाव के हो ?

**१६. तलका मध्ये कुनै 'एक' प्रश्नको लामो उत्तर लेख्नुहोस् : (५)**

**(क) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

"यो जुत्ता किन फिर्ता ल्यायौ गुलाफो ?" "मेरो स्वर शुष्क थियो ।" "म यो जुत्ता लगाउन सक्दिनँ अलि ठूलो भयो मलाई ।" दृष्टि झुम्काउँदै बोलिन उनी । "तिमीले अस्ति मेरै अगाडि यो जुत्ता लगाएकी होइनौ ? अहिले कसरी ठूलो भयो ?" "बा र आमा दुवै जनाले भन्नु भएको म अहिले खानै छु, यो जुत्ता अलि ठूलो छ रे । यो जुत्ता मेरा खुट्टामा सुहाउँदैन रे !" गुलाफीले जुत्ताको पोको मेरै अगाडि भुईमा राखिन र त्यहाँबाट ओझेल भइन् ।

**प्रश्न :**

(अ) "एक जोर जुत्ता" कथाले नेपाली समाजको कस्तो अवस्थाको चित्रण गरेको छ ?

**(ख) दिइएको जिवनीको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

प्रपन्नाचार्य बहुभाषी सिर्जनशील विनम्र सन्त एवम् प्रकाण्ड विद्वान थिए । उनी मानवतावादी चिन्तनका आर्दश धरोहर थिए । उनमा नेपाली, राई, संस्कृत, हिन्दी, अङ्ग्रेजी आदि अनेकौ भाषा प्रयोग गर्न सक्ने क्षमता थियो । संस्कृत वाङ्मयभित्रको अथाह ज्ञानलाई व्यावहारिक रुपमा आत्मसात् गर्न सक्ने साधना थियो । आजीवन वेद, वेदान्त साहिप्य इतिहासलगायत विषयमा केन्द्रित भई अध्ययन अनुसन्धान गर्न सक्ने सामर्थ्य थियो ।

**प्रश्न :**

(अ) स्वामी प्रपन्नचार्यले संस्कृत वाङ्मयका क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।

**१७. तलका मध्ये कुनै 'एक' शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् : (५)**

(क) शिक्षा र जीवन

(ख) वातावरण प्रदूषण

(ग) टेलिभिजन

**॥ समाप्त ॥**